# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) सुर्खेत, फाल्गुण १९ गते, २०७७ साल (संख्या २३

## भाग-३

### कर्णाली प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### <u>कर्णाली प्रदेश निजामती कर्मचारीको सरुवा तथा काज सम्बन्धी मापदण्ड, २०७७</u>

<u>**प्रस्तावना:**</u> कर्णाली प्रदेश सरकारमा समायोजन भएका र कामकाज गर्न खटिएका निजामती कर्मचारीको सरुवा तथा काज सम्बन्धी कार्यलाई थप व्यवस्थित र पारदर्शी बनाउन प्रदेश प्रशासकीय कार्यविधि नियमित

गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश मन्त्रिपरिषद्ले यो मापदण्ड बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "कर्णाली प्रदेश निजामती कर्मचारीको सरुवा तथा काज सम्बन्धी मापदण्ड, २०७७" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "कर्मचारी" भन्नाले प्रदेश निजामती सेवाका कर्मचारी र प्रदेशमा कामकाज गर्न खटिई आएका सङ्घीय निजामती सेवा वा स्थानीय सेवाका कर्मचारी सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले सम्बन्धित मन्त्रालय अन्तर्गतका कार्यालय वा निकाय सम्झनु पर्छ र सो शब्दले कर्णाली प्रदेश योजना आयोग तथा प्रदेश सरकार मातहतका रहेका अन्य सरकारी कार्यालय समेतलाई जनाउँछ।

(ग) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(घ) "प्रदेश सरकारका केन्द्रीय निकाय" भन्नाले प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय तथा केन्द्रीयस्तरको काम गर्ने गरी तोकिएका कार्यालय सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(ङ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार अन्तर्गतका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

(च) "सम्बन्धित मन्त्रालय" भन्नाले कर्मचारी कार्यरत रहेको निकायको तालुक मन्त्रालय सम्झनु पर्छ।

(छ) "वेव साइट" भन्नाले कर्णाली प्रदेश सरकारले कर्मचारीको अभिलेख तथा सरूवा व्यवस्थापन गर्न प्रयोगमा ल्याउने वेवसाइट वा अनलाइन सुबिधा भएको सूचना प्रबिधि सम्बन्धी प्रणाली सम्झनु पर्छ।

३. <u>**सरुवा सम्बन्धी व्यवस्थाः**</u> (१) कर्मचारीलाई प्रदेशको भौगोलिक क्षेत्र र कार्य विविधताको अनुभव समेत दिलाउने गरी यसै मापदण्डको दफा ४ र ५ बमोजिम सरुवा गरिनेछ।

(२) कुनै एक मन्त्रालय वा केन्द्रीय निकाय वा अन्तर्गत कार्यरत कर्मचारीलाई अर्को मन्त्रालय/केन्द्रीय निकाय वा अन्तर्गतमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरुवा गर्नेछ।

(३) कुनै एक मन्त्रालय वा केन्द्रीय निकाय वा अन्तर्गतका निकायमा कार्यरत प्रशासन तथा बिबिध सेवा बाहेक अन्य सेवा समुहका कर्मचारीलाई आफ्नो मन्त्रालय वा केन्द्रीय निकाय वा अन्तर्गतको अन्य निकायमा सोही मन्त्रालयले सरूवा गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(४) दफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यालय प्रमुखको सरुवा वा पदस्थापना गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिनु पर्नेछ।

(५) दफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल प्रशासन सेवा, लेखा समूहका कर्मचारीहरुको सरुवा आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ।

४. **सरुवाको समय तालिका र अवधिः** (१) कर्मचारीको सरुवा सामान्यतया देहायको समय तालिका अनुसार गर्नु पर्नेछः-

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रत्येक वर्ष श्रावण एक गतेदेखि श्रावण मसान्तसम्म,

(ख) मन्त्रालय वा प्रदेशको केन्द्रीय निकायले प्रत्येक वर्षको भाद्र एक गतेदेखि भाद्र मसान्तसम्म,

(ग) यसै मापदण्डको अनुसूची-१ मा सूचीकृत गरिएका “क” र “ख” वर्गका भौगोलिक क्षेत्रमा कार्यरत कर्मचारीलाई सामान्यतया डेढ वर्ष पूरा भएपछि र “ग” र “घ” वर्गका भौगोलिक क्षेत्रमा कार्यरत कर्मचारीलाई सामान्यतया दुई वर्ष पूरा भएपछि सरुवा गरिनेछ।

(घ) खण्ड (ग) बमोजिम सरुवा गर्दा "क" र "ख" वर्गमा कार्यरत कर्मचारीलाई क्रमशः "घ" र "ग" वर्गमा र "घ" र "ग" वर्गको भौगोलिक क्षेत्रमा कार्यरत कर्मचारीलाई क्रमशः "क" र "ख" वर्गमा पर्ने भौगोलिक क्षेत्रमा सरुवा गर्न प्राथमिकता दिइनेछ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा कर्मचारीलाई तोकिएको अवधि नपुग्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई दफा (३) बमोजिम सम्बन्धित मन्त्रालयबाट सरुवा गर्न सकिनेछः-

(क) कुनै कार्यालयमा रिक्त भएको पदमा तोकिएको समय तालिका बाहेकको समयमा सरुवा गर्नु परेमा।

(ख) प्रदेश अन्तर्गतका आयोजना/परियोजनाहरुमा सिर्जित दरबन्दीमा कामकाज गर्न खटाउनु पर्ने भएमा,

(ग) कुनै कर्मचारीको निज कार्यरत रहेको जिल्लामा उपचार हुन नसक्ने र सो रोगको उपचार प्रदेश भित्रको अन्य जिल्लामा हुन सक्ने भन्ने प्रदेश सरकारद्वारा तोकिएको मेडिकल बोर्डको सिफारिसका आधारमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

उपचार सहजताको लागि पायक पर्ने कार्यालयमा सरूवा गर्नु पर्ने अवस्थामा।

(घ) कुनै कर्मचारीलाई विशेष जिम्मेवारी दिनु परेमा,

(ङ) कुनै कर्मचारीलाई विभागीय कारवाही गर्नु परेमा,

(च) कुनै कर्मचारीलाई निज कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नहुने, तोकिएको कार्य जिम्मेवारीमा लापरवाही गरेको, अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेको, आचार संहिता पालना नगरेको, प्रचलित कानून बमोजिम निर्णय निर्देशन कार्यान्वयन गर्नु पर्नेमा त्यसो नगरेको जस्ता मनासिव कारण देखिएमा,

(छ) दरबन्दी कटौती भई वा कार्यालय खारेज भई फाजिलमा परेको भएमा।

(३) अधिकृत स्तर दशौं तह वा सो भन्दा माथिका कर्मचारी वाहेक अन्य कर्मचारीलाई सरुवा गर्दा अवधि तोकी सरुवा गर्नु पर्नेछ।

(४) उपदफा २ को बुँदा नं. (ग) बमोजिमको मेडिकल बोर्ड गठन भई नसकेको अवस्थामा प्रदेश अस्पतालको मेडिकल सुपरिटेन्डेन्टको संयोजकत्वका प्रदेश सरकारको प्रमुख सचिवले तोकेको अधिकृतस्तरको चिकित्सक र सामाजिक विकास

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

मन्त्रालयले तोकेको अधिकृतस्तरको चिकित्सक सदस्य रहेको तीन सदस्यीय समितिको सिफारिसको आधारमा उपचार गर्न पायक पर्ने स्थानमा सरुवा गर्न सकिनेछ।

५. **<u>सरुवाको प्रकृया:</u>** (१) सरुवा हुन चाहने कर्मचारीले अनुसूची-२ बमोजिमको ढाँचामा आफ्नो कर्मचारी संकेत नम्बर सहित सवै विवरण भरी सरुवा हुन चाहेका कार्यालयको प्राथमिकताको आधारमा कम्तीमा तीनवटा कार्यालय उल्लेख गरी सरूवा प्रकृयाको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको वेवसाइट मार्फत निवेदन पेश गर्नु पर्नेछ।

(२) मन्त्रालयबाट यसै मापदण्डको दफा ४ को उपदफा (१) बमोजिम अवधि पुगेका कर्मचारीको नियमित सरूवा वा दफा ४ को उपदफा (२) बमोजिमको सरूवा गर्दा उपदफा (१) बमोजिम सरुवाको निवेदन प्राप्त नभए पनि सरुवा गर्न बाधा पर्ने छैन।

६. **<u>सरुवाको आधार:</u>** (१) एक वर्ष भन्दा कम उमेरको नावालक भएका महिला कर्मचारी र नेपाल सरकारले निर्धारण गरेको गम्भीर रोग लागेका कर्मचारीलाई सम्भव भएसम्म निजले अनुरोध गरे बमोजिम सरुवा गर्न सकिनेछ।

(२) उमेरहदको कारण अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेका कर्मचारीलाई सरुवा गर्दा निजले चाहेको अवस्थामा सम्भव भएसम्म घरपायक हुने गरी सरुवा गर्न सकिनेछ।

(३) सरुवा गर्दा रिक्त पदमा सम्भव भए सम्म कर्मचारी दम्पती दुवै जना एउटै जिल्लामा पर्ने गरी सरुवा गर्न प्राथमिकता दिइनेछ।

(४) तीन महिना वा सो भन्दा बढी अवधिको वैदेशिक अध्ययन तथा तालिम पूरा गरी फर्केका कर्मचारीलाई पद रिक्त भएसम्म "क" वा "ख" वर्गको स्थानमा सरुवा गरिनेछ।

(५) एक वर्ष वा सो भन्दा बढी अवधिको वैदेशिक अध्ययन तथा तालिममा सहभागी हुने, निलम्बनमा रहेका कर्मचारीहरुलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अतिरिक्त दरवन्दीमा राखी सो रिक्त पदमा आवश्यकता अनुसार अन्य कर्मचारीको सरूवा वा पदस्थापन गर्न सकिनेछ।

(६) यस मापदण्ड बमोजिम सरूवा गर्दा रिक्त पदमा दुई वा दुईभन्दा बढी कर्मचारीको माग भएमा लामो अवधिसम्म एकै कार्यालय, दुर्गम भौगोलिक क्षेत्रमा कार्यरत एवं बिगतमा उच्च कार्य सम्पादन स्तर रहेका कर्मचारीलाई पहिलो प्राथमिकता दिईनेछ।

(७) सरुवा गर्दा कार्यालयको संस्थागत स्मरण क्षमता कायम रहने व्यवस्था मिलाउनु पर्नेछ।

(८) सामान्यतया प्राबिधिक बिशेषज्ञता आवश्यक पर्ने र अन्य स्थानमा दरबन्दी नभएका सेवा समूहका पदहरुमा बाहेक एकै प्रकृतिको कार्यालयमा पाँच वर्ष व्यतीत भइसकेको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

कर्मचारीलाई सोही प्रकृतिको कार्यालयमा दोहोरिने गरी सरुवा गरिने छैन।

(९) आर्थिक वर्षको अवधि तीन महिना भन्दा कम रहेको अवस्थामा कार्यालय प्रमुख वा आर्थिक प्रशासन शाखा प्रमुखको पदमा कार्यरत कर्मचारीलाई सरुवा तथा काज खटाइने छैन। तर, यसै मापदण्डको दफा ४ को उपदफा (२) जस्तो विशेष अवस्था सिर्जना भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमतिमा सरुवा तथा काज खटाउन बाधा पर्ने छैन।

(१०) दरबन्दी बमोजिम कर्मचारी उपलब्ध नभएको अवस्थामा सेवाको निरन्तरता र सुनिश्चितताका लागि भौगोलिक क्षेत्र तथा कार्य प्रकृति मिल्ने गरी कार्यालय प्रमुख वा अन्य पदमा कार्यरत कर्मचारीलाई दोहोरो जिम्मेवारी दिन वा कामकाज गर्न खटाउन बाधा पर्ने छैन।

तर लेखा समूहको कर्मचारीलाई रिक्त रहेको कार्यालयमा थप जिम्मेवारी दिने कार्य सम्बन्धित जिल्लाको प्रदेश कोष नियन्त्रकको हुनेछ।

(११) कर्मचारीको सरुवा तथा पदस्थापना गर्दा यस मापदण्डको अन्य दफामा उल्लेखित आधारका अतिरिक्त कर्मचारीको सरूवा निवेदन, शैक्षिक योग्यता, अनुभव, यस अघि कार्यरत कार्यालय र सम्बन्धित कर्मचारीको व्यक्तिगत अभिलेखको विवरण समेतलाइ आधार लिनु पर्नेछ,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(१२) कर्णाली प्रदेश कर्मचारी अभिलेख सूचना प्रणाली (Personnel Information System: PIS) मा आफ्नो विवरण अध्यावधिक गरी राख्नु सम्बन्धित कर्मचारीको दायित्व हुने छ।

७. **<u>काज सम्बन्धी व्यवस्था:</u>**(१) स्वीकृत अस्थायी दरबन्दीमा बाहेक एक वर्षमा तीन महिना भन्दा बढी अवधि काज खटाउन सकिने छैन।

(२) जनशक्तिको अभाव भई सेवा प्रवाहमा बाधा पर्न जाने वा सेवा प्रवाहमा विशेष प्रभावकारिता हासिल गर्नु पर्ने भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एक मन्त्रालयबाट अर्को मन्त्रालयमा काजमा खटाउन सक्नेछ।

(३) सम्बन्धित मन्त्रालयले आफू अन्तर्गतका निकाय वा आयोजनाको अस्थायी दरबन्दीमा कर्मचारीलाई काज खटाउनु पूर्व त्यस्ता निकाय वा आयोजनाको कार्यविधि, कामको चाप र सेवा प्रवाह गर्न लाग्ने आवश्यक जनशक्ति विश्लेषण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम भएको विश्लेषणको आधारमा सम्बन्धित मन्त्रालयले प्रत्येक आर्थिक वर्षको लागि त्यस्तो निकाय वा आयोजनाको लागि आवश्यक पर्ने अस्थायी दरबन्दी प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम दरबन्दी सिर्जना गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

८. **कामकाज सम्बन्धी व्यवस्थाः** कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम नेपाल सरकारद्धारा प्रदेशमा कामकाजमा खटाइएका कर्मचारीहरुलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार प्रदेश मन्त्रालय, प्रदेश सरकारका केन्द्रीय निकाय वा कार्यालयहरूमा खटाउनु पर्नेछ। निज कर्मचारीहरुलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा प्रदेश सरकारले फिर्ता नगरेसम्म प्रदेश निजामती सेवाका अन्य कर्मचारी सरह सरुवा तथा कामकाज व्यवस्थापन गरिनेछ।

९. **सरूवा गर्ने अधिकारः** प्रदेश निजामती सेवाका कर्मचारी वा नेपाल सरकारबाट कामकाजम गर्न खटिइ आएका कर्मचारीहरूको सरूवा गर्ने अधिकार देहाय बमोजिम हुनेछः

(क) ११ औं तह वा सो भन्दा माथिको कर्मचारी प्रदेश मन्त्रिपरिषद्बाट।

(ख) ९ र १० औं तह वा सो तह संग समानान्तर हुने गरी तोकिएको श्रेणीको कर्मचारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको क्षेत्राधिकार भित्र मुख्यमन्त्रीस्तर र मन्त्रालयको क्षेत्राधिकार भित्र विभागीय मन्त्री स्तरबाट।

(ग) ४, ५, ६, ७ र ८ औं तह वा सो तह संग समानान्तर हुने गरी तोकिएको श्रेणीको कर्मचारी सम्वन्धित मन्त्रालयको सचिव स्तरबाट।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

(घ) श्रेणी वा तह विहीन कर्मचारी सम्बन्धित मन्त्रालयको ९ वा १० तहको अधिकृतस्तरबाट ।

१०. **सरुवा उपरको उजुरीः** मन्त्रालय तथा प्रदेशस्तरका केन्द्रीय निकायले गरेको सरुवा उपर चित्त नबुझेमा सम्वन्धित कर्मचारीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा १५ दिन भित्र उजुरी दिन सक्नेछ ।

११. **मापदण्डको व्याख्याः** यस मापदण्डमा प्रयुक्त शब्द तथा प्रावधानहरुको व्याख्या गर्ने अधिकार मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयको हुनेछ ।

१२. **बाधा अड्काउ फुकाउने व्यवस्थाः** यो मापदण्ड कार्यान्वयनका क्रममा कुनै वाधा अड्काउ उत्पन्न भएमा सो को फुकाउने अधिकार मन्त्रालयमा निहित रहनेछ। प्रदेश सरकार मन्त्रिपरिषद्ले आवश्यकता अनुसार मापदण्डको संशोधन गर्न सक्नेछ।

१३. **खारेजी र बचाउः** (१) कर्मचारी (व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७५ खारेज गरिएको छ।

(२) कर्मचारी (व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७५ बमोजिम भए गरेका कार्यहरु यसै मापदण्ड बमोजिम भएको मानिने छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

# अनूसूची-१

(दफा ४ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

**जिल्लाहरुको भौगोलिक वर्गीकरण**

| क | ख | ग | घ |
|---|---|---|---|
| १. हुम्ला | १. जुम्ला | १. दैलेख | १. सुर्खेत |
| २. डोल्पा | २. मुगु | २. सल्यान | |
| | ३. कालिकोट | ३. रुकुम पश्चिम | |
| | ४. जाजरकोट | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

## अनूसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

### सरुवा माग गर्ने निवेदनको ढाँचा

मितिः....................

**विषयः <u>सरुवा हुन पाउँ</u>।**

श्रीमान् सचिवज्यू,

..................।

निम्न उल्लेखित निकायमा सरुवा भई प्रदेशमा सेवा गर्ने अवसर पाउन मेरो सत्य तथ्य विवरणहरु सहित सम्बद्ध कागजात यसैसाथ संलग्न राखी निवेदन पेश गरेको/ गरेकी छु।

### कर्मचारीको विवरण

| कार्यालयको नाम | पद | सेवा/ समूह/ उपसमूह | श्रेणी | जन्म मिति | सो कार्यालयमा हाजिर भएको मिति | घर ठेगाना/ नागरिकता प्र.प.नं मिति र जिल्ला |
|---|---|---|---|---|---|---|
| | | | | | | |

### यस भन्दा अगाडि कार्य गरेको विवरण

| कार्यालयको नाम | पद | सेवा/समूह/ उपसमूह | श्रेणी | देखी ... सम्म | वर्ष.... महिना... | भौगोलिक क्षेत्र |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**सरुवा हुन चाहेको जिल्ला र कार्यालय (प्राथमिकताको आधारमा)**

१.

२.

३.

आर्थिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

**संलग्न कागजातहरु**

१. सम्बन्धित कार्यालयमा कामकाज गरेको पुष्ट्याइ हुने कागज ।

२. सरुवा हुन चाहेको कारण र प्रमाण ।

यसमा लेखिएको व्यहोरा साँचो हो। झुठ्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

**निवेदकको:-**

दस्तखतः

नाम थरः

पदः

कर्मचारी संकेत नं:

| |
|---|
| यो विवरण भरी सरूवा व्यवस्थापनको लागि तोकिएको वेवसाइटमा गई निवेदन दर्ता गर्नु पर्नेछ । |

आज्ञाले,

आनन्द सारु

प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश